# सुनछहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

५ नं. प्रदेश, नेपाल


# कम्पुटर सामाग्रीहरु आपूर्ति गर्ने सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मिती: २०७५/०२/१८)**

१) यस गाउँपालिकालाई आवश्यक पर्ने ल्यापटप, डेस्कटप, प्रोजेक्टर,प्रिन्टरहरु खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/सस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्बकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिती देखि १६ औ दिनको कार्यालय समय सम्ममा यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, अद्यावधिक पत्र र उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारिक एजेन्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधन गरिएको सक्कलै Manufacturer's Authorization Letter तथा अन्यको हकमा नेपालमा रहेको आधिकारिक एजेन्ट (Importer) बाट स्थानीय एजेन्ट (Authorized Dealer) लाई यस कार्यालयमा दरभाउपत्र फारम यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्ने अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निबेदन साथ पेश गरी नियमानुसार दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी बुझाई) दरभाउपत्र फारम यस कार्यलयबाट प्राप्त गर्न सकिनेछ ।

३) खरिद गरिने दरभाउपत्र फारमहरुको महलहरु स्पस्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखी १६ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन दर्ता गराउन सकिने छ ।

४) दरभाउपत्र फारम जमानत बापतको रकम यस गाउँपालिका कार्यलयको नेपाल बैंकलि मिटेड,रोल्पामा रहेको खाता नं. ०७६०३००००००००४००१००४ दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यलयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखि ७५ दिन म्याद भएको जमानिपत्र(Bid Bond) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद वा Bid Bond यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन ।

९) अन्य थप केही कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यलयको फोन नं. ९७५८५०३६५३ वा ईमेल ठेगाना sunchhaharimun@gmail.com वा www.sunchhaharimun.gov.np मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | क्र.सं | विवरण | आवश्यक संख्या | दरभाउपत्रफारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | १ | ल्यापटप | ४ थान | १,०००।- | कबोल अंकको न्यूनतम २.५ % |
| | २ | डेस्कटप | २ थान | | |
| | ३ | प्रोजेक्टर | ७ थान | | |
| | ४ | प्रिन्टर | २ थान | | |

प्रमुख प्रशासकिय अधिकृत